नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
योजना शाखा
फोन ४२००००० ४२००३०१ ४२००३१७ ४२००३११

पत्र संख्या: २०७१/७२

चलानी नं.:- ६६६

मिति: २०७२।०३।२७

विषय: WBRS मा Entry गर्ने सम्बन्धमा ।

दर्ता नं. ९२२८ मिति २०७२।३।२८

श्री जिल्ला विकास समितिको कार्यालयहरु । सबै।।

प्रस्तुत विषय, योजना तर्जुमा पध्दतिलाई बढी सहभागितामुलक र यथार्थपरक बनाउने अभिप्रायले आगामी आ.व. देखि जिल्लाहरुमा कार्यान्वयन गरिने बार्षिक विकास कार्यक्रम (भाग-२) राष्ट्रिय योजना आयोगले प्रकाशन नगर्ने निर्णय भए अनुसार सबै जिल्लाहरुमा मार्गदर्शनको अलावा बजेट सिलिङ समयमै पठाइसकिएको थियो । भाग-२ मा समावेश हुनुपर्ने योजनाहरुलाई मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा परिषद समाप्त भएको ७ दिन भित्र WBRS मार्फत Entry गर्न पटक-पटक लिखित तथा मौखिकरुपमा दिईएको निर्देशन अवगत नै होला । आ.ब.को अन्तसम्म पनि केहि जिल्लाहरुवाट पूर्णरुपमा सुचना प्राप्त नहुदा सबै जिल्लाको योजनाहरु समावेश गरी प्रकाशन गर्ने कार्यमा बाधा परेको हुँदा Entry गर्न बाँकी जिल्लाहरुले तदारुकताकासाथ WBRS मा Entry गर्नुहुन, आंशिकरुपले गरेकाहरुले पूर्णरुपमा गर्नुहुन र परिषदको निर्णय भन्दा फरक योजना Entry गर्नेहरुले ढिलोमा पनि यहि असार ३० गते भित्र सच्याई WBRS मा Entry गरी पूर्णता दिनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७२।०३।२७ को निर्णयानुसार अनुरोध छ । उपरोक्त बमोजिम Entry नभई प्रकाशनमा बाधा परेमा सम्बन्धित जिल्लाका स्थानीय विकास अधिकारी, जिल्ला प्राविधिक कार्यालयका प्रमुख तथा योजना अनुगमन तथा प्रशासकीय अधिकृत नै जिम्मेवार हुनुपर्ने व्यहोरा समेत निर्णयानुसार अनुरोध छ ।

सीता दुवाडी
(शाखा अधिकृत)

बोधार्थ :

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पुल्चोक ।

सूचना तथा विद्युतिय शासन शाखा, यसपत्र Website मा राखिदिनुहुन ।